# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख १९ गते, २०८३ साल (अतिरिक्ताङ्क ६

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८३ सालको अध्यादेश नं. ०४**

**स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना:** स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ मा संशोधन** : वी. पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ११ख. को उपदफा (३) झिकिएको छ।

(२) दफा ११ग. को उपदफा (२) झिकिएको छ।

(३) दफा ११घ. खारेज गरिएको छ।

३. **चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ मा संशोधन** : चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को,-

(१) दफा १८ को उपदफा (३) झिकिएको छ।

(२) दफा १९ को उपदफा (२) झिकिएको छ।

(३) दफा २२ खारेज गरिएको छ।

४. **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधन** : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को,-

(१) दफा २० को उपदफा (३) झिकिएको छ।

(२) दफा २१ को उपदफा (३) झिकिएको छ।

(३) दफा २२ को उपदफा (३) झिकिएको छ।

(४) दफा २३ को उपदफा (३) झिकिएको छ।

(५) दफा २४ को उपदफा (२) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) दफा २६ खारेज गरिएको छ।

५. **<u>कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधन</u>** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को,-

(१) दफा २० को उपदफा (३) झिकिएको छ।

(२) दफा २१ को उपदफा (३) झिकिएको छ।

(३) दफा २२ को उपदफा (३) झिकिएको छ।

(४) दफा २३ को उपदफा (३) झिकिएको छ।

(५) दफा २४ को उपदफा (२) झिकिएको छ।

(६) दफा २६ खारेज गरिएको छ।

६. **<u>पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ मा संशोधन</u>** : पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ को,-

(१) दफा २३ को,–

(क) दफा शीर्षकमा रहेको "पदावधि," भन्ने शब्द झिकिएको छ।

(ख) उपदफा (१) झिकिएको छ।

(ग) उपदफा (२) मा रहेका "उपदफा (१) मा" भन्ने शव्दहरूको सट्टा "दफा २०,२१ र २२ मा" भन्ने शव्दहरु राखिएका छन्।

(घ) उपदफा (३) मा रहेका "उपदफा (१) वा (२) बमोजिमका" भन्ने शव्दहरूको सट्टा "उपकुलपति, डीन, निर्देशक वा उपदफा (२) बमोजिमका" भन्ने शव्दहरु राखिएका छन्।

(२) दफा २४ खारेज गरिएको छ।

७. **<u>रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मा संशोधन</u>** : रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) दफा १९ को उपदफा (३) झिकिएको छ।

(२) दफा २० को उपदफा (३) झिकिएको छ।

(३) दफा २१ को उपदफा (३) झिकिएको छ।

(४) दफा २२ को उपदफा (३) झिकिएको छ।

(५) दफा २३ को उपदफा (२) झिकिएको छ।

(६) दफा २५ खारेज गरिएको छ।

प्रमाणीकरण मितिः २०८३।०१।१९

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।